


# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

वर्ष-१६ ।। अङ्क : १०६ ॥ २०८१ जेठ १३ गते आईतबार (26th May 2024 Sunday) | Pratidin National Daily | मूल्य-रु.५/-


# चीनसँग जोडिएका १४ व्यापारिक नाका पुनः सञ्चालनमा




झापा(प्रस) । चीनसँग सीमाना जोडिएका १४ वटा व्यापारिक नाका शनिवारदेखि खुलेका छन् । शनिवार एक कार्यक्रमका बीच संखुवासभाको किमाथांकासहित १४ वटा व्यापारिक नाका खुलेको घोषणा गरिएको हो । कोरोनाका कारण २०७६ माघ ५ देखि बन्द रहेका नाका पाँच वर्षपछि एकैसाथ खुलेका हुन् ।

नाका खुलेसँगै परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसहितको टोलीले संखुवासभाको किमाथांका हुँदै चीनको तिब्बत स्वायत्त क्षेत्रसम्म पुगेर अवलोकन गरेका छन् ।

त्यहाँका उपाध्यक्ष सिलाङ निमा र परराष्ट्रमन्त्री श्रेष्ठले एक समारोहकाबीच शनिबार १४ वटै व्यापार नाका पुनःसञ्चालन भएको घोषणा गरेका हुन् । परराष्ट्रमन्त्री श्रेष्ठले १४ वटै नाका खुल्ने घोषणा शनिवार एकै साथ भएको बताए ।

तुम्लिङटार विमानस्थलमा सञ्चारकर्मीसंग बोल्दै मन्त्री श्रेष्ठले कोभिड महामारीका कारण देखाउँदै चीन सरकारले बन्द गरेका ती नाका नेपाल र चीनका उच्च राजनीतिक नेतृत्वबीचको वार्ता, संवाद र सहमतिबाट करिब चार वर्षपछि पुनः सञ्चालनमा ल्याएको बताए । सीमा क्षेत्रका जनताको अन्तरक्रिया, व्यापार र सांस्कृतिक क्षेत्रमा योगदान पुग्ने विश्वास व्यक्त गरे । उनले शनिबारदेखि दार्चुला, डोल्पा, मुस्ताङ, गोरखा, दोलखा, ताप्लेजुङ र संखुवासभाको किमाथांकाका सीमा जोडिएका नाका खुलेको बताए । चिनियाँ पक्षले अन्य सातवटा नाका निश्चित समयभित्र खुलाउँदै जाने उनले बताए ।

'परम्परागत नाका पुनः सञ्चालनका लागि दुई मुलुकबीच लामो समयदेखि कूटनीतिक माध्यमबाट निरन्तर छलफल हुँदै आएको थियो', उनले भने, 'गत चैतमा गरेको चीनको औपचारिक भ्रमणका अवसरमा सीमा क्षेत्रमा रहेका सम्पूर्ण परम्परागत व्यापार नाका क्रमशः खुलाउने समभ्रदारी भएको थियो ।'

किमाथांकासहित नेपाल-चीन सीमामा रहेका १४ वटै व्यापार नाका पुनः सञ्चालनको उद्घाटन समारोहमा सहभागी हुन परराष्ट्रमन्त्री श्रेष्ठको नेतृत्वमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, गृह र परराष्ट्र मन्त्रालयका सहसचिव, भोटखोला गाउँपालिकाका अध्यक्ष वाङछेदर भोटे, प्रमुख जिल्ला अधिकारी ध्रुबबहादुर खड्का र जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायत सहभागी थिए ।

नाका खुलेपछि गाउँपालिका अध्यक्ष भोटेले भोटखोलाबासीका दुःखका दिन सकिएको प्रतिक्रिया दिए । '५ वर्षअघि नाका बन्द भएपछि सदरमुकाम खाँदबारीबाट खाद्यान्न लगायतका दैनिक उपभोग्य सामग्री महँगोमा ढुवानी गरेर ल्याउन पर्थ्यो,' उनले भने, ' अब सस्तोमा डेन्दाङ र चाँगा बजारबाट नुनतेल ल्याउन सजिलो भयो ।'

नाका खोल्न धेरैपटक प्रयास भएपनि नसकिएको उनले बताए । नाका खुलेपछि भोटखोलाका किमाथांका, च्याम्ताङ, चेपुवा, हटिया लगायतका स्थानीयलाई राहत मिलेको छ । सदरमुकामबाट सडक यातायात नजोडिएकाले खच्चडबाट उपभोग्य वस्तु ढुवानी गर्दा ढाड सेकिएको थियो । खाँदबारी किमाथांका सडक निर्माणाधिन अवस्थामा छ । खाँदबारी किमाथांकाको दुरी १ सय ६२ किलोमिटर पर्छ ।

उत्तरी क्षेत्रमा रहेका व्यापार नाका खुलेसंगै सीमा क्षेत्रमा राज्यको उपस्थिति हुने उनले बताए । 'भन्सार राजस्वमा वृद्धि हुन्छ,' उनले भने, 'स्थानीय उत्पादनको बिक्री तथा रोजगार सिर्जना सहज हुनेछ । हिमाली क्षेत्रमा उत्पादन हुने परम्परागत हस्तकलाका सामग्रीले चिनियाँ बजारमा सहजै प्रवेश पाउनेछ।'

# एमाले शिवसताक्षीको अध्यक्षमा मेदनी दंगाल निर्वाचित

**विनोद सापकोटा,**

दुधे । कम्युनिस्ट आन्दोलनको उर्वर भूमि झापाको शिवसताक्षीमा नेकपा एमालेको नेतृत्व परिवर्तन भएको छ ।

नेतृत्व परिवर्तनसँगै नेकपा एमालेको राजनीतिक गतिविधि पनि परिवर्तन हुने आम कार्यकर्ताले बताएका छन् । विद्यमान चुनौतीलाई सामना गर्न र नेतृत्वलाई सक्षम, सवल, पार्टीको विधि र पद्धती अनुसार चलायमान गर्न आम कार्यकर्ताले परिवर्तनशील नयाँ नेतृत्व खोजी गरेका थिए । ।



नेतृत्व परिवर्तनका लागि भएको निर्वाचनमा वडा नम्बर ९ का मेदनी दंगाल अध्यक्ष पदमा निर्वाचित भए । उनले ०३६ सालको किसान आन्दोलनदेखि एमालेमा सक्रिय राजनीति गर्दै आएका थिए । ०४६ सालमा एमालेको संगठित सदस्य भएर राजनीतिक मैदानमा देखिन थालेका दंगाल पार्टीको वडा कमिटी अध्यक्षदेखि एकै पटक नगरको अध्यक्ष हुने पहिलो व्यक्ति हुन् ।

शुक्रबार नयाँ नेतृत्व परिवर्तनका लागि भएको निर्वाचनको अन्तिम मत परिणाम शनिबार बिहान सार्वजनिक हुँदा दंगाल अध्यक्ष पदमा निर्वाचित भए । उनले २५४ मत प्राप्त गरेका छन् । अर्का उम्मेद्वार कमल नेपालले

# दमकमा राम पौडेल निर्वाचित

दमक(प्रस) । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको गृहनगर दमक नगर कमिटीको अध्यक्षमा राम पौडेल विजयी भएका छन् ।

पाँचजना प्रत्यासीका बीच भएको निर्वाचनमा १६५ मत ल्याएर पौडेल विजयी भएका हुन् । पौडेलका प्रतिष्पर्धीहरु भगवान बस्नेतले ७७,युवराज घिमिरेले ७५ र सन्तोष दुलालले ३२ मत प्राप्त गरेका छन् । यसैगरी उपाध्यक्षमा उर्मिला ओली १८३ मत ल्याएर विजयी भएकी छन् । उनका प्रतिष्पर्धीहरु



दिपेश दाहालले १२९ र चन्द्रप्रसाद गुरागाईंले ३२ प्राप्त गरेका छन् । सचिवमा गिरेन्द्र चम्लागाईं १८१ मत ल्याएर विजयी हुँदा तेजप्रसाद तिवारीले १५५ मत प्राप्त गरेका छन् । उपसचिवमा भसराज ढकाल १२९ मत पाएर विजयी हुँदा डेन्जोङ शेर्पाले ७४,गजेन्द्र धिमालले ४०, खड्ग राईले ३५ र मणिराज धिमालले २९ मत प्राप्त गरेका छन् । महिला उपसचिवमा सीता कार्की १९० मत ल्याएर विजयी हुँदा मुना सिग्देलले १३० मत प्राप्त गरेकी छन् । अधिवेशनले ८१ सदस्यीय कमिटी चयन गरेको छ ।अधिवेशनको उद्घाटन अध्यक्ष ओलीले बिहीवार गरेका थिए ।

# एमाले झापा गाउँपालिकाको अध्यक्षमा घिमिरे सर्वसम्मत



कुमरखोद(प्रस) । नेकपा एमाले झापा गाउँपालिकाको दोस्रो गाउँ अधिवेशनवाट मोहन घिमिरे अध्यक्षमा सर्वसम्मत चयन भएका छन् । त्यस्तै उपाध्यक्षमा माधव पोखेल , सचिवमा साजेमान शेख

❖ बाँकी अन्तिम पृष्ठमा

# मन्त्री रघुवीर महासेठलाई बालेनले पठाए धुलो उपहार

झापा(प्रस) । चक्रपथ विस्तारका क्रममा नागरिकले धुलो र कष्ट व्यहोर्नु परेको भन्दै काठमाडौं महानगरपालिकाले सडक विभाग र डिभिजन सडक कार्यालय काठमाडौं अगाडि धुलो थुपारिदिएको छ । महानगरपालिकाका प्रमुख बालेन शाहले भौतिक पूर्वाधारमन्त्री महासेठको निर्देशनमा चक्रपथ विस्तारको काम रोकिएको भन्दै काम सुचारु नगरेसम्म दैनिक एक ट्रक धुलो उपहार पठाइदिने घोषणा गरेका हुन् ।

कलंकीदेखि महाराजगन्जसम्म रिङरोड विस्तारको नाममा १५ वर्षदेखि जनताले सास्ती ब्यहोर्नु परेको जनाउँदै मेयर बालेन शाहको निर्देशनमा शनिबार सडकको धुलो र फोहोर जम्मा गरी ती कार्यालयहरु अगाडि खनाइदिएको हो । सम्बन्धित कार्यालयमा धूलो खन्याएको भिडियोसहित उनले सामाजिक सञ्जालमा पोस्ट गरेका छन् ।

उनले चक्रपथ विस्तारको काम अगाडि नबढाएसम्म हरेक दिन भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठलाई पायक पर्ने ठाउँमा एक ट्रक धूलो खसाल्ने चेतावनी दिएका छन् ।

'तपाईंको ठाडो आदेशले भइरहेको कुनै काम रोक्न सक्नुहुन्छ भने त्यही आदेशले बनाउन पनि सक्नुहुन्छ होला । विगत १५ वर्षदेखि काठमाडौंको जनताले कलंकीदेखि महाराजगन्जसम्म रिङरोड विस्तारको नाममा धेरै धुलो र कष्ट बेहोर्नु परेको छ । काठमाडौंमा हुने आधाभन्दा बढी प्रदूषणमा त्यहाँकै धुलोको हात छ, जसले गर्दा महानगरवासीले धुलोधुवाँ

❖ बाँकी अन्तिम पृष्ठमा

# एमाले हल्दिवारीको दोस्रो गाउँ अधिवेशन शुरु

हल्दिबारी(प्रस) । नेकपा एमाले हल्दिवारीको दोस्रो गाउँ अधिवेशन शनिवारदेखि शुरु भएको छ । अधिवेशनलाई पोलिटब्युरो सदस्य तथा झापा जिल्ला इन्चार्ज विशाल



भट्टराईले उद्घाटन गरेका थिए । उनले आफू भए जित्ने अरु भए न जित्ने भन्ने अहमता त्यागेर संगठन विस्तारमा अगाडी

❖ बाँकी तेस्रो पृष्ठमा

# माओवादीले तोक्यो सिवाकोटीलाई कार्यवाहक



झापा(प्रस) । नेकपा माओवादी केन्द्र भद्रपुरका अध्यक्षसहितले राजीनामा दिएर एमालेमा प्रवेश गरेपछि पार्टीले कार्यवाहक अध्यक्ष नियुक्त गरेको छ । नेकपा माओवादी केन्द्रको जिल्ला समन्वय समितिले मेदनी सिवाकोटीलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएको हो । दुई दिनअघि नेकपा माओवादी केन्द्र भद्रपुरका अध्यक्ष शिवकुमार राजभण्डारी, नरपति चापागाई , कुमार सेन्चुरीलगायत करिव दुई सयजना एमालेमा प्रवेश गरेका थिए । नगर अध्यक्षसहित जिम्मेवार नेता कार्यकर्ता एमालेमा प्रवेश गरेपछि माओवादी पार्टीलाई ठूलो धक्का लागेको छ । जसबाट पार्टी आक्रोशित बनेको छ ।

नेकपा माओवादी केन्द्रको जिल्ला समन्वय समितिका संयोजक राजु आचार्य र सचिव मोहन टुडूले एक विज्ञप्ति जारी गरी एमालेमा प्रवेश गरेका राजभण्डारीलगायतहरु पार्टी आन्दोलन र उत्पीडित उपेक्षित वर्ग समुदायप्रति बिश्वासघात गर्दै पलायन भएको आरोप लगाएका छन् ।

# बाली खाएको निहुँमा भरुवा बन्दुक प्रहार गरी हत्या

झापा(प्रस) । भरुवा बन्दुक प्रहार गरी हत्या गरेको आरोपमा भोजपुरको टेम्केमैयुङ गाउँपालिका-४ नागीका ६५ बर्षीय मणिप्रसाद राईलाई प्रहरीले पक्राउ गरेको छ । राजकुमार राईको घटनास्थलमा नै मृत्यु भएको थियो ।

घटनाको जानकारी प्राप्त हुनासाथ तत्काल इलाका प्रहरी कार्यालय दिल्पाबाट खटिएको प्रहरी टोलीले राईलाई घटनामा प्रयोग भएको



शुक्रवार बेलुका साढे ६ बजे बाख्राले बाली खाएको बिषयमा वादविवाद हुँदा मणिप्रसाद राईले छिमेकी ६३ बर्षीय राजकुमार राईलाई भरुवा बन्दुक प्रहार गर्दा भरुवा बन्दुकसहित नियन्त्रणमा लिएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।




# प्रहरीमा जागिर लगाई दिन्छु भन्दै ठगी गर्ने पक्राउ



झापा(प्रस) । नेपाल प्रहरीमा जागिर लगाई दिन्छु भन्दै ठगी गर्ने एक जनालाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मोरङको कटहरी गाउँपालिका-३ का ४५ बर्षीय पन्चु पासवान रहेका छन ।

पासवानले मोरङको कटहरी गाउँपालिका-५ का राजकुमार उराउलाई नेपाल प्रहरीको कार्यालय सहयोगी पदमा जागिर लगाई दिन्छु भनी ३ लाख ३० हजार रूपैँया ठगी गरेका थिए । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो । शनिवार पक्राउ परेका पासवानमाथि ठगी कसुरमा मोरङ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको जनाइएको छ ।

# ब्राउनसुगरसहित अन्सारी पक्राउ

झापा(प्रस) । मोरङको बिराटनगर-१५ बाट लागूऔषध ब्राउनसुगरसहित एक जना पक्राउ परेका छन् । शुक्रवार दिउँसो १ बजे लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ



आउँदै गरेका पैदलयात्री भारत बिहारका २२ बर्षीय मुजमिल अन्सारीलाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट १ ग्राम ६ मिलिग्राम ब्राउनसुगर बरामद भएको थियो । ब्राउनसुगरसहित पक्राउ परेका उनको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सहकाली देवीथानको मन्दिर निर्माणका लागि सहयोग जुट्दै

झापा(प्रस) । खोटाङको हलेसी तुवाचुङ नगरपालिका वडा नम्बर १० स्थित बिजुले फेदीमा स्थापना भएको सहकाली देवीथानको मन्दिर निर्माणका लागि आर्थिक सहयोग जुटेको छ ।

खोटाङ-हलेसी पुरी बन्धु समाज काठमाडौंसहित उक्त संस्थामा आवद्ध पुरी बन्धुहरुले मन्दिरको भौतिक संरचना निर्माणका लागि आर्थिक सहयोग गरेका हुन् । सहकाली देवीथानमै पुगेर गत जेठ १० गते समाजका तर्फबाट ३० हजार ५५ रुपैयाँ र समाजमा आवद्ध बन्धुहरुले करिव १ लाख ३४ हजार रुपैयाँ गरी जम्मा १ लाख ६४ हजार ५५ रुपैयाँ आर्थिक सहयोग गरेका छन् । त्यस्तै हलेसी तुवाचुङ नगरपालिका वडा नम्बर १० का वडाध्यक्ष अर्जुन पुरीको पहलमा वडाले एक लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ । समाजमा आवद्ध पुरी बन्धुहरुले ब्यक्तिगत रुपमा पनि घण्टी र आर्थिक सहयोग गरेको संस्थाका सचिव कृष्णप्रसाद पुरीले जानकारी दिए । सहकाली देवीथानमै पुगेर पूजा आराधना गर्दै मन्दिर निर्माणका लागि आर्थिक सहयोग गरिएको जनाइएको छ । समाजका अध्यक्ष सरोज पुरी (भीम) को अध्यक्षतामा भएको संक्षिप्त कार्यक्रममा हलेसी तुवाचुङ नगरपालिका वडा नम्बर १० का वडाध्यक्ष अर्जुन पुरीको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष अर्जुन पुरी, मन्दिर ब्यवस्थापन समितिका अध्यक्ष प्रकाश पुरी, पुजारी सारद पुरी, सहायक पुजारी बिनोद पुरीलगायतले आ-आफ्नो भनाई राख्दै खोटाङ-हलेसी पुरी बन्धु समाज साथै समाजमा आवद्धको आर्थिक सहयोगले मन्दिर निर्माण गर्न सफल हुने भन्दै धन्यवाद दिएका थिए । कार्यक्रमको सञ्चालन समाजका सचिव कृष्णप्रसाद पुरीले गरेका थिए । सहकाली देबीथानको स्थापना २०४६ सालमा स्व. चन्द्रबहादुर पुरीले गरेका थिए ।

समाजका अध्यक्ष सरोज पुरी (भीम) ले ब्यक्तिगत रुपमा करिव १० हजार मूल्य बराबरको मन्दिरका लागि घण्टी प्रदान गरेका छन् । त्यस्तै ब्यक्तिगत रुपमा डम्बरबहादुर र चित्रकुमारी पुरीका छोराहरुले ३८ हजार २६५ रुपैयाँ, नविन पुरी र परिवारले आफ्ना मातापिता लेखानीप्रसाद र चन्द्रमाया पुरीका नाममा १० हजार १११ रुपैयाँ, काजीबहादुर र मनमाया पुरीले ११ हजार १५५ रुपैयाँ, छबिलाल र पदमकुमारी पुरीले ११ हजार ११५ रुपैयाँ, छबिलाल र निरमाया पुरी (बिजुले) ले ११ हजार १११ रुपैयाँ इन्द्रमाया पुरी (छोरा प्रकाश पुरी (आरबोटे) ले लगायतले आर्थिक सहयोग गरेका छन् । मन्दिर स्थापना भएपछि हरेक कुरामा राम्रो हुँदै गएको स्थानीयको भनाई छ ।

# कालिकापीठमा गेट निर्माण

कालीस्थान (प्रस) । झापाको अर्जुनधारा नगरपालिका वडा नम्बर-९ मा रहेको कालिकापीठ कालीस्थानको पूर्व प्रवेशद्वारमा निर्माण गरिएको गेट उद्घाटन गरिएको छ ।

भारत सिलिगुडी निवासी काजल सरकार र उनकी श्रीमती मुनमुन



सरकारले पराम्बा भगवतीको मूर्ति एवं भगवतीको बाहन सिंहको प्रतिमासहितको गेट निर्माण गरिदिएका हुन् ।

भर्खरै निर्माण सम्पन्न भएको गेटको अर्जुनधारा नगरपालिकाका मेयर बलदेवसिंह गोम्देनले उद्घाटन गरेका हुन् ।

कालिकापीठ कालीस्थानका अध्यक्ष ज्योतिषाचार्य लक्ष्मीप्रसाद पोखरेलको सभापतित्वमा सप्पन्न कार्यक्रममा कालिका संस्कृत बिद्यापीठका प्राचार्य आचार्य रघुनाथ रिजाललगायतले दानवीर ब्यक्तित्वलाई धन्यवाद ज्ञापन गर्दै आभार ब्यक्त गरेका थिए ।

दानवीर दाता काजल र मुनमुन सरकारलाई सम्मान गरिएको कार्यक्रमको संचालन इन्दु पूर्वेलीले गरेकी थिइन् । कालिकापीठका उपाध्यक्ष कर्णबहादुर तामाङले कालीस्थानको ऐतिहासिक विवरण प्रस्तुतिसंगै स्वागत गरेको कार्यक्रममा सम्मानपत्र वाचन सचिब भोलानाथ पोखरेलले गरेका थिए । काजल सरकारको परिवारले यसअघि कालिकापीठ परिसरमा रहेको अक्षय बृक्षमुनि घेराबारा एवं नवद्वार निर्माण गरिदिएका थिए ।

# राजस्थानलाई हराउँदै हैदरावाद कोलकातासँगको उपाधि भिडन्तमा




एजेन्सी । इण्डियन प्रिमियर लिग (आईपीएल) को उपाधिका लागि सनराइजर्स हैदरावाद र कोलकाता नाइट राइडर्स भिड्ने भएका छन्।

शुक्रवार राति सम्पन्न दोस्रो क्वालिफायरमा राजस्थान रोयल्सलाई ३६ रनले पराजित गर्दै हैदरावादले कोलकातासँगको भेट पक्का गरेको हो। यसअघि पहिलो क्वालिफायरमा हैदरावादलाई ८ विकेटले पराजित गर्दै कोलकाता फाइनलमा पुगेको हो। यी दुई टोलीबीचको फाइनल आइतवार चेन्नईमा हुनेछ। शुक्रवार राति हैदरावादले दिएको १७६ रनको लक्ष्य पछ्याएको राजस्थानले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १३९ रनमात्रै बनाउन सक्यो । राजस्थानका ध्रुव जुरेलले अविजित रहँदै सर्वाधिक ५६ रन बनाए । उनले ३५ बलमा ७ चौका र २ छक्का प्रहार गरे। ओपनर यशस्वी जायसवाल ४२ रनमा आउट हुँदा राजस्थानका अन्य ब्याटर चल्न सकेनन्। हैदरावादका शाहबाज अहमदले सर्वाधिक ३ विकेट लिए। अभिषेक शर्माले २ विकेट लिँदा प्याट कमिन्स र थंगारसु नटराजनले १-१ विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ थालेको हैदरावादले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १७५ रन बनाएको थियो।

# आदर्श नव युवा क्लबको अध्यक्षमा रमेश डाँगी




बिर्तामोड(प्रस)। बिर्तामोड ९ नडियावारीस्थित आदर्श नव युवा क्लबको अध्यक्षमा रमेश डाँगी चयन भएका छन् ।

खप्तडी बुढाथोकी क्षेत्री सेवा समाजको सभाहलमा शनिवार भएको क्लबको साधारणसभा तथा तेस्रो अधिवेशनले डाँगीको अध्यक्षतामा नयाँ समिति चयन गरेको हो । जसको उपाध्यक्षमा तिलक बुढाथोकी , सचिव सूर्य चौधरी , कोषाध्यक्ष संगीता खड्का तथा सदस्यहरुमा लालबहादुर चौधरी , मोहन विक , रोमा सिलवाल , सुनिता राउत बुढाथोकी , धनबहादुर खड्का , किशोर विश्वकर्मा र सरोज खड्का रहेका छन् ।

कोशी प्रदेश सरकारका सिंचाई तथा ऊर्जा मन्त्री एकराज कार्कीले उद्घाटन गरेको कार्यक्रममा बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला , बिर्तामोड ९ का वडाध्यक्ष हरि चौलागाँई , खप्तडी बुढाथोकी क्षेत्री सेवा समाजका जिल्ला अध्यक्ष योगेन्द्र बुढाथोकीलगायतले शुभकामना मन्तव्य राखेका थिए । क्लबका अध्यक्ष केशव बुढाथोकीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष अम्बिका खड्काले स्वागत तथा संस्थापक अध्यक्ष काजी बुढाथोकीले संचालन गरेका थिए ।

त्यस अवसरमा ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुलाई सम्मान गरिएको थियो । सम्मानित हुने ज्येष्ठ नागरिकहरुमा नारायण सिटौला , जगमाया शिवाकोटी , काशीनाथ सुवेदी , बलराम सुवेदी , ललितबहादुर खड्का , रुक्मणि प्रसाई ,अम्बिका बुढाथोकी ,मंगलीमाया राउत र सीता बुढाथोकी रहेका छन् । त्यस्तै अपांगता भएका संगीता कार्की र प्रकृति खड्कालाई पनि सम्मान गरिएको थियो ।

# ‘समाजका लागि पत्रकारहरुको योगदान उच्च’

दमक(प्रस) । लोकतन्त्रको स्थापना र न्यायपूर्ण समाज निर्माणमा लोकतान्त्रिक पत्रकारहरुको योगदान महत्वपूर्ण भएको भन्दै झापाको दमकमा शनिबार आयोजित कार्यक्रमका वक्ताहरुले खबरदारी निरन्तर आवश्यक रहेकोमा जोड दिएका छन् ।



लोकतान्त्रिक पत्रकारहरुको साझा संस्था नेपाल प्रेस युनियनको ३३ औं स्थापना दिवसको सन्मुख पारेर प्रेस युनियन माइपश्चिम झापाले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा सहभागीहरुले त्यस्तो जोड दिएका हुन् । वक्ताहरुले सञ्चार क्षेत्रले विना आग्रह पूर्वाग्रह आफ्नो पेशागत जिम्मेवारी निर्वाह गर्न नसक्दा कतिपय घट्नाहरुमा आलोचित हुनुपरेको तथ्य स्वीकार्न सक्नुपर्ने पनि उल्लेख गरे ।

नेपाली कांग्रेस झापाका उपसभापति शेरबहादुर भट्टराईको प्रमुख आतिथ्य र प्रेस युनियन माइपश्चिम झापाका अध्यक्ष बिष्णु पौडेलको सभापतित्वमा आयोजित सो कार्यक्रममा कांग्रेस महासमिति सदस्यद्वय सुरेश सुब्बा र अइन्द्रविक्रम केरुङ, महाधिवेशन प्रतिनिधि सत्यनारायण चौधरी, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्यसमेत रहेका तरुण नेता गोकुल श्रेष्ठ, दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाँई, दमक खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्षसमेत रहेका कांग्रेस झापा ५ ख का सभापति रवि केसी, क्षेत्रीय सचिव धर्मानन्द भट्टराई, नेपाल पत्रकार महासंघ कोशी प्रदेश कोषाध्यक्ष बिमल लामिछाने, प्रेस चौतारी नेपालका केन्द्रीय लेखा आयोग सदस्य बिष्णु पोखरेल, समाजवादी प्रेस संगठन नेपालका केन्द्रीय सदस्य अनिलदेव राई, प्याव्सन दमक नगर सचिव नविन योगी, रोटरी क्लब अफ दमकका अध्यक्ष विक्रमकुमार शाहलगायतले शुभकामनासहित आ-आफनो धारणा राखेका थिए ।

कार्यक्रममा प्रेस मञ्च नेपालका अध्यक्ष कमन देवान, पत्रकार महासंघ कोशी प्रदेश सदस्य बिष्णु सुब्बा, युनियनका जिल्ला सल्लाहकार राजेन्द्र गौतम, जिल्ला अध्यक्ष गिरिराज भट्टराई, चलचित्र व्यवसायी चैतन्य बराल, नेविसंघ झापाका नेता नवराज ढकालगायतको आतिथ्य रहेको थियो । प्रेस युनियन माइपश्चिम झापाका उपाध्यक्ष नगेन्द्रमणी न्यौपानेको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन सचिव सन्तोष विष्टले गरेका थिए । सो अवसरमा प्रेस युनियनको लोगो अंकित टिसर्ट पत्रकारहरुलाई उपहारस्वरुप प्रदान गरिएको थियो ।

## दिल्लीसहित ५८...

चुनावी प्रचारमा खटाएको छ । कयौं मुख्यमन्त्री, केन्द्रीय मन्त्रीहरू दिनरात दिल्लीमा खटिएका छन् । त्यस बाहेक प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, पार्टी अध्यक्ष जेपी नड्डाले कयौं सभाहरू गरेका छन् ।

दिल्लीका मुख्यमन्त्री तथा आपका संयोजक अरविन्द केजरिवाल चुनावी परिणामलाई आफ्नो पक्षमा पार्न कुनै मौका गुमाएका छैनन् । अन्तरिम जमानतमा जेलबाट छुटेका उनले पनि दिन रात मतदाता समक्ष पुग्ने प्रयास जारी राखेका छन् । कांग्रेस नेता राहुल गान्धीले कन्हैयाको चुनावी प्रचारमा सामेल भएका छन् । आपले ४ र कांग्रेसले ३ सिट बाँडेको छ । दुवै पार्टी मिलेकाले दिल्लीमा विपक्षी गठबन्धनले भाजपाबाट केही सिट खोस्न सक्ने विश्लेषण गरिदैंछ । राजधानी दिल्लीमा १ करोड ५२ लाख मतदाता छन् । ७ सिटका लागि १ सय ६२ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

छैठौं चरणमा दिल्ली बाहेक बिहारको ८, हरियाणको १०, जम्मु कश्मिर-१, झारखण्डको ४ सीटमा मतदान हुँदैछ । त्यस्तै, ओडिशा-६, पश्चिम बंगाल-८ र उत्तरप्रदेशको १४ सीटमा चुनाव हुँदैछ । दिल्ली राजधानीमै रहेको हरियाणाको गुडगाँव र फरिदवादमा पनि मतदान यही चरणमा छ ।

नेपालसँग सीमा जोडिएको बिहारको वाल्मिकीनगर, पश्चिमी चम्पारण, शिवहरमा पनि शनिबार नै मतदान भएको छ । त्यस्तै, उत्तरप्रदेशको नेपालसँगको सीमावर्ती क्षेत्र श्रीवस्ती र डुमरियागन्जमा मतदान हुँदैछ । यस चरणमा भाजपाका नेताहरू धर्मेन्द्र प्रधान, मेनका गान्धी, मनोज तिवारी चर्चित उम्मेदवारको आगामी राजनीतिक लोकसभा यात्राको निर्णय लिनेछन् । बाँकी रहेको ५७ लोकसभा सिटमा एक सातापछि जुन १ मा सातौं चरणको मतदान भएपछि लोकसभा निर्वाचन पुरा हुनेछ । जुन-४ मा मतगणना हुनेछ ।

## मन्त्री..

खानु परेको छ, त्यो बाटो प्रयोग गर्नुपर्नेहरूले सवारी साधन मर्मतमा खर्च बढी गर्नु परेको छ, पुग्न अबेला भोग्नु परेको छ। र, काठमाडौं महानगरले अकारणमा गाली खानु परेको छ,’ मेयर शाहले लेखेका छन्, ‘यो धुलो जनताले मात्र खाँदा राम्रो देखिँदैन । जबसम्म तपाईं काम अगाडि बढाउनु हुन्न, हरेक दिन तपाईंलाई पायक पर्ने ठाउँमा एक ट्रक धुलो उपहार पठाउने छु माया सम्झेर स्वीकार्नु होला ।’

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री हर्कराज राई, पश्चिमः भक्त बहादुर बोहोरा, उत्तरः बाटो, दक्षिणः श्री बिजेन्द्र अग्रवाल को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री सिता सुवेदी प्रसाईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५ | १७९ ००८ ००२ | २३५ | ३४४ व.मि. | ४१०७ | २०८०/०८/२० | २०८१/०२/०८ |

**पृथ्वी सबैको साझा घर हो ।**
**वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।**
**मानव हात्ती द्धन्दको अन्त्य गरौं ।**

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्धार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्धार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

थप जानकारीको लागि:

डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## आजको मेरो कक्षा अनि मेरा खेल



• रञ्जितकुमार राजवंशी

आज एक दिन खेल के खेलाएथे, रमायो मेरो कक्षा
उता रामे हाँस्यो खिस्सखिस्स, यता सानी समीक्षा
हाँस्यो दिल खोलेरै श्याम, खुसी थी करुणा पनि
जता हेर्यो उतै रमाएको थियो, आजको सिङ्गो कक्षा ।

राधाले रुमाल लुकाइ, नारण पनि भागिराथ्यो
गाउँदै नाचे सबैले, मधुर राग नै पो गुञ्ज्याथ्यो
श्रवण लडेर फेरि उठ्दा, सहपाठी धरी डराए
मेरो कक्षा आज रमायो, सारा नै आज रमाए ।

स्मृति साह्रै छे जान्ने, गोपाल पिटिक्कै नजान्ने
सँगै खेलिरहँदा साथ दुबैले, क्या खुब निभाएँ
कता धने लाजले भाग्दैथ्यो, रमाले समाइ त हाली
खेल जोडा-जोडाको थियो, साक्षीले पनि साथी पाई ।

सुमन कहिले काहीँ आउने, सागर त मैले नै बिर्सेको
शिखालाई दलित भनी, सबैले पर सारेको
समूह समूह बाँडेको के थिए, यहाँ त मन मिलेछ
जित्नकै लागि भए नि जात र वर्ण नै भुलेछ ।

खेल-खेलमै पाठ पढाएँ, सबैले बुझ्यो पो भन्छ
हरिले पनि प्रश्न गर्दा, कक्षा नै फर्किफर्की हेर्छ
कथामा मिठास भर्दै सुनाउँदा, झन् सबैले नियाल्दछ
मैले गीत झैँ गाइदिँदा, मेरो त कक्षा नै गाउँदछ ।

## कविताको जुलुस



• प्रकाशचन्द्र खतिवडा

मैले
अक्षरहरू कुँदेर
एउटा कविता लेखैँ
कविता
आगोजस्तो दन्कन सकेन
आगो पानी जस्तो बग्न सकेन
पानी पहाडजस्तो अग्लिन सकेन
मेरो कविता
न बर्दी ओड्न सक्छ
न सलाम ठोक्न सक्छ
फगत
अखबारी कागजहरुमा
अखबारी खबर हुनै नसकी
बेखबर
बिना सनाखत
बेवारिस पल्टी रहन्छ
अक्षरहरू बन्दुक हैनन्
आदेशमा पड्कनु पर्ने
अक्षरहरू सैन्य जवान हैनन्
सलामीमा झुक्नु पर्ने
श्रीमान्
हज्जारौँ खण्डहर जिन्दगी चपाइएको बेला
माथि श्रीमानहरू बेचैन मुस्कुराइरहेको बेला
मेरो कविता
मसमसी उग्राउन नसक्ने व्यहोरा जाहेर गर्छ
र
मरो कविता
श्रीमानको आदेश माग्छ कि
यो रोष्ट्रममा
नियमापत्तिसहित
सदन स्थगनको
आह्वान गर्छ
ओ कविहरू !
आउनोस् आ-आफ्नो कविता लिएर
कविताको जुलुस
जिन्दावाद ।
सुन्दरहरैंचा–६, दुलारी, मोरङ

# बिहेअगाडि जस्तो कहाँ हुन्छ त बिहे भएपछि !



• सिर्जना बस्नेत

विवेक मेरो मिल्ने साथी। मास्टर्स पढ्दा चिनेको उसलाई। हुन त मेरा धेरै साथी छैनन्। सामान्य हाई, हेल्लो भन्ने खालका भन्दा पनि आत्मा निकट छन्। हामी पारिवारिक र जागिरे जीवनको व्यवस्थापनको सिलसिलामा एक अर्काभन्दा कैयौं टाढा छौं।

दैनिक हाई, हेलो र हाँसी मजाक हुँदैन। महिनौ महिना एक अर्कासँग बेखबर हुँदा पनि आत्मीयता घटेको हुँदैन। साथी भनेको साथमा नहुँदा पनि महसुस गर्न सकिने सम्बन्ध रहेछ। विवेक अरू केटा साथीहरू भन्दा अलि खुला सोच राख्ने भएकाले पनि मेरो र उसको साथी नामको सम्बन्ध टिकिराखेको होला ।

उसले जहिले पनि महिला साथीहरूको सपोर्टमा कुरा राख्थ्यो। 'केटीहरू स्मार्ट हुनुपर्छ। केटाहरूभन्दा केटीहरू कमजोर हुन्छन् भन्ने महसुस गर्ने सोच गलत भएको' भनेर सामाजिक सञ्जालतिर पनि लेख्ने गर्थ्यो।

हामी केटी साथीहरूको बीचमा ऊ एउटा मात्र केटा साथी थियो। विवेकसँग हामीले धेरै गल्लीहरूको यात्रा गर्‍यौं तर असुरक्षा कहिल्यै महसुस भएन। केटीहरूको सपोर्ट गर्ने मान्छे भएर होला उसका धेरै केटीहरू नै साथी थिए। पढाइ सकियो जागिरतिर लागियो। कलेजका धेरै साथीहरूको विवाह पनि भैसकेको थियो। म धेरैको बिहेमा गइनँ।

विवेकको विवाह यही फागुनमा हुँदै थियो त्यो पनि मेरै साथी सृष्टिसँग। उनीहरूको लामो प्रेम सम्बन्ध विवाहमा परिणत हुने खबरको म सबभन्दा नजिकको साक्षी हो। उनीहरू प्रेममा हुँदा देखिका सबै कुरा मलाई दुबैले पालैपालो सुनाउने गर्थे।

कहिलेकाहीँ विवेकले सुनाइसकेको कुरा पनि म सृष्टिलाई सुना भनेर हैरान बनाइदिन्थे। सृष्टि विवेकको तारिफ गरेर कहिल्यै थाक्दिन थिई। हुन पनि विवेक थियो नै त्यस्तै। उनीहरूको बिहेको मिति तय भएदेखि नै कस्तो लुगा किन्ने र कस्तो गहना बनाउने भनेर मलाई खुब सल्लाह माग्थे दुवै जनाले। करिब साढे दुई वर्षको अन्तरालमा मैले जागिर सुरू गरेको थिएँ। नयाँ काम सुरू गरेको महिना दिन समेत नबित्दै उनीहरूको बिहेको मिति तय हुनुले मलाई बेचैन तुल्याएको थियो।

भर्खर जोडिएको नयाँ काम अनि नयाँ जिम्मेवारी एकातिर थियो भने मेरा मिल्ने साथीहरूको बिहेका हरेक रसममा सहभागी हुने हुटहुटी अर्कोतिर। एनजिओको जागिरमा भन्नेबित्तिकै बिदा पाउन मुस्किल हुन्छ त्यसमा काम सुरू गरेको महिना दिन नबित्दै त असम्भव जस्तै हो। हल्दी, मेहेन्दीमा पुग्न नसके पनि बिहेमा चाहिँ जसरी पुग्ने आँट भित्रैबाट मैले बटुलेको थिए। यही फागुन २१ गते मंगलबार बिहेको मिति तय भएको थियो। उनीहरूले मलाई समेत हल्दी, मेहेन्दीमा लगाउने लुगा समेत किनिसकेका थिए। भर्खर सुरू गरेको कामको लोड एकातिर थियो, उनीहरूको बिहेमा पुग्ने हुटहुटी अर्कोतिर थियो।

झुट बोलेरै भए पनि बिहेमा चाहिँ पुग्छु भन्ने साहस चाहिँ बटुलेको थिएँ। सृष्टिसँग फोन र भिडिओमा दैनिक कुरा हुन्थ्यो। सृष्टि आफूलाई भाग्यमानी ठान्थी। म पनि सृष्टिको भागमा राम्रो जीवन साथी परेको ठान्थेँ।

नयाँ कार्यालयमा बल्ल बल्ल दुई दिनको बिदा मिलाएर सृष्टि र विवेकको बिहेसम्म पुग्ने उपाय निकालेँ।

सामाजिक संस्कार अनुसार सृष्टिको घरबाटै मसहित जन्ती गएर सृष्टिलाई विवेकको घर लिएर आयौं। भोलिपल्ट पार्टी प्यालेसमा बिहेको भव्य भोज भयो। पार्टीको बेलुका नाइट गाडी चडेर म घर फर्किएँ।

उनीहरू पनि काममा व्यस्त भएका कारण बिहेपछि त्यति धेरै घुमफिरतिर लागेनन्। नयाँ वर्ष वैशाखमा सौराहातिर घुम्न जाने योजना हामीले बनाइसकेका थियौं। बिहे पछाडि सृष्टिसँग मेरो लामो कुरा खासै भएन। उनीहरू सँगै हुँदा भिडिओ कल हुन्थ्यो कहिलेकाहीँ, सृष्टि खुसी नै देखिन्थी।

चैत २९ गते सानो गाडी रिर्जभ लिएर सृष्टिको जोडी र हाम्रो जोडी सौराहातिर लागियो। धेरै जस्तो पाइन्ट र स्कर्टमा देखिने सृष्टि लामो टप्स कुर्ता सुरूवाल घाटीमा मंगलसुत्र अनि सिउँदोमा सिन्दुरमा सजिएकी सृष्टिको त्यो रूप मैले पहिलो पटक देखेँ।

'अहो नयाँ दुलहीलाई त हिजो मात्र बिहे भएको जस्तो देखिएको छ है,' मैले जिस्काएँ। विवेक र सृष्टि हाँसे मात्र।

जर्डेडको टप्स लगाएकी सृष्टिलाई गर्मीले गर्दा सहज नभएको मैले महसुस गरेँ।

'यस्तो गर्मीमा के यस्तो लुगा लगाएकी त सित्तल टिसर्ट क्याटर पेन्ट लगा न,' मैले सामान्य रूपमा सृष्टिलाई गाली गरेँ।

विवेक केही बोलेन सृष्टिले 'सबै कुर्ता सुरुवाल र टप्स मात्र ल्याएको छु। मैले पेन्ट नै ल्याएको छैन भनी' म छक्क परेँ। घुम्न हिँड्दा पनि कुर्ता सुरुवाल मात्र बोक्ने स्वभावकी त थिइन सृष्टि उसको पहिरनमा देखिएको परिवर्तनमा केही बाध्यताहरू पनि लुकेका रहेछन्।

बेलुका नारायणी किनारतिर एकछिन घुमफिर गरियो। विवेक र मेरो श्रीमान चोकतिर रमाइलो हेर्न निस्के। सृष्टि र म मात्र होटलको रूममा बस्यौं। बिहे अघिकी सृष्टि र अहिलेकी सृष्टिमा मैले धेरै भिन्नता महसुस गरेँ।

उसको वैवाहिक जीवनको हालचालमा चासो साख्दै मैले नै प्रश्न गरेँ।

'कस्तो हुँदै छ त म्यारिड लाइफ तेरो, खुब रमाइलो भइरहेको होला होइन?,' मेरो प्रश्न सुन्नासाथ सृष्टिको आँखाबाट आँसु पो बग्न थाले।

'किन रोएको के भयो?,' मैले सृष्टिलाई अंगालो मार्दै प्रश्न गरेँ।

मलिन स्वरमा सृष्टिले कुरा सुरू गरी।

'विवेक देखेजस्तो रहेनछ। उनीहरूलाई संस्कारी बुहारी चाहिएको रहेछ। उसले बिहे पछाडि पाइन्ट लगाउँदा ममी रिसाउनु हुन्छ भनेर कुर्ता र टप्स लगाऊ भन्छ। सबैभन्दा पहिला बुहारी उठ्नु पर्छ भन्छ। बुहारीले सबैलाई खुवाएर मात्र खानु पर्ने रे। विवेक ढिला आउँदा समेत श्रीमानलाई कुरेर बस्नु पर्छ रे खानाको लागि भन्छन् घरमा। उसको घरबाट जे भन्यो ऊ त्यसैलाई सही भन्छ। कलेजमा तर्कवितर्क गरेर आफ्नो विचार राख्दा ऊ हामीलाई स्मार्ट गर्ल भनेर खुसी हुन्थ्यो। घरमा उनीहरूको परिवारसँग मुख नलागेको मन पराउँछ। आदर्शको कुरा गर्ने विवेक व्यवहारमा संस्कारी श्रीमती चाहन्छ' सृष्टिको कुरा सुनेर म चकित परेँ।

मैले कलेजमा चिनेको विवेक त जहिले पनि महिला सशक्तीकरणको बयान गर्थ्यो। महिलाको अधिकारको कुरा गर्थ्यो। कहिलेकाहीँ पार्टीतिर ऊसँगै वाइन पिउनु सामान्य कुरा हो इच्छा भए पिऊ भन्दै साथीलाई अनुरोध गर्थ्यो। महिनावारी र घर भान्साको कुरा हामी खुलेर नै ऊसँग सेयर गर्थ्यौं। विवेकसँगै धेरै सेमिनारहरूमा हामीले स्कर्ट र कोट पाइन्ट लगाएर कार्यक्रमहरूमा सहभागी हुँदा स्मार्ट देखिएको छ भनेर खुलेर नै हाम्रो तारिफ गर्थ्यो। तर आज सृष्टिसँग बिहे भएको दुई महिनामै ऊभित्र संस्कारी श्रीमतीको भूत लुकेर बसेको कुरा कसरी विश्वास गर्नू!

म केहीबेर शून्य भएँ। सृष्टिले केही बोल्ने विचार गरेर कुराको सुरूआत मात्र गर्न थालेकी थिई बाहिरबाट ढोका ढकढकको आवाज आयो। मैले ढोका खोलेँ। विवेक र मेरो श्रीमान आएका रहेछन्। सृष्टि बाथरूमभित्र पसेकी रहिछे। विवेकको अनुहार मैले नियालेर हेरेँ। सृष्टि बाथरूमबाट मुख धोएर बाहिर निस्की।

'सबै जना जम्मा भएको बेलामा यसो रमाइलो गरौं भनेको त दुई जना मात्र कता गायब भएको?,' भनेर मैले प्रश्न गरेँ।

विवेकले 'अँध्यारोमा कता जानु हो तिमीहरू। बाहिर धेरै थरीका मान्छे छन्। खाना खाएर तिमीहरू सुत हामी नारायणी किनारमा कन्सर्ट हुँदैछ हेर्न जान्छौं भन्यो,' उसको कुरा सुनेर मलाई झनक्क रिस उठ्यो।

'तिमी त महिला सशक्तीकरणको व्याख्या गर्ने मान्छे। महिलाहरूको स्वतन्त्रताको परिभाषा दिने मान्छे अनि हामीलाई तिमी सँगै त्यो कार्यक्रममा जान किन रोक लगाउँछौं? नयाँ वर्ष मनाउन हजारौं विदेशी महिलाहरू एक्लै खुलेआम हिँडेका छन् केको डर आफ्नै देशमा!' मैले बाहिर जाने प्रस्ताव राखेँ।

'हामीसँगै जान्छन् नि यिनीहरू पनि। एक्लै कोठामा के गरेर बस्नु केको डर बाहिर हामी पनि सँगै हुन्छौं,' मेरो श्रीमानले भने।

'विदेशी महिलाहरूसँग तुलना गरेर हुन्छ त उनीहरू स्वतन्त्रता रुचाउँछन्। बिहे अगाडि जस्तो कहाँ हुन्छ त बिहे भएपछि। हामी आफै नाइट क्लबमा अरू केटीहरूलाई जिस्काउँछौं। धेरै पिएका मान्छे हुन्छन्। उनीहरूले जे पनि बोल्छन्। त्यस्तो ठाउँमा किन जानू। खुरूक्क नसुतेरा।'

अघि सृष्टिले बयान गरेको विवेकको असली रूप छर्लङ्ग भयो। के सबै पुरूषहरू आफ्ना केटीसाथी मात्र स्मार्ट भएको हेर्न चाहन्छन्? श्रीमती चाहिँ कम बोल्ने, मध्यरातसम्म श्रीमानलाई खाना कुरेर बस्ने सासूससुराको स्याहार गर्ने धोति फरिया भन्दा अलि आधुनिक कुर्ता सुरूवाल र सिन्दुर पोतेमा सजिने अझ भनौं घर बाहिर जागिर गरेर घरको सबै काम गर्नको लागि ठेक्का लिने। बिहेअघिसम्म स्कर्ट लगाउँदा स्मार्ट देख्ने आँखामा बिहेपश्चात संस्कारको मोतियाबिन्दु लागेर श्रीमतीको स्वतन्त्रता र रुचिको बली चडाउन लालायित हुने कस्तो बन्धन रहेछ विवाह!

साँच्चिकै पुरूष साथीहरू आफ्ना केटी साथीहरू मात्र स्वतन्त्र भएर स्मार्ट पहिरनमा हिँडेको रूचाउँछन्? केटी साथीहरूले तर्कवितर्क गरेर विचार राख्दा स्मार्ट देख्ने मान्छे पनि श्रीमती चाहिँ परिवारको विचारमा मुख बन्द गरेर टाउको हल्याउने मात्र रूचाउँछन्? श्रीमतीहरू पनि स्मार्ट बनेको किन रूचिको विषय बन्दैन? विगत केही महिनादेखि मेरो मस्तिष्कमा यही प्रश्नले जरा गाँडेर बसेको छ।

# फलामे थैलीभित्र ढुङ्गाको कथा



• मुकेश मल्ल

लाजिम्पाटस्थित 'तक्पा कला ग्यालरी'मा यही २० अप्रिलदेखि ५ मेसम्म भुवन थापा 'बहुवी'को 'अर्थभित्रको अर्थ' (मिनिङ विथइन् मिनिङ) नामक तेस्रो एकल कला प्रदर्शनी भयो । फरक विचार, फरक रूप र प्रस्तुतिमा देखापरेका उनका कामलाई भावकले अनौठो रूपमा थोरै रोमाञ्चित भएरै अवलोकन गरेका थिए । कला मात्र फरक ढङ्गबाट देखापरेका थिएनन्, विचार अनि कलागत दर्शन पनि फरक ढङ्गबाट आएका थिए । बाङ्गाटिङ्गा काठका टुक्रा र बन्द वा खुला ढुङ्गाका थुप्रालाई किसिम-किसिमबाट संयोजन गरिएको परिदृश्य यस कला प्रदर्शनीमा देख्न सकिन्थ्यो । अधिकांश कला कुनै न कुनै रूपमा फलामको परिधिभित्र वा फलामे थैलीभित्र अनेका रूपमा झुन्डिएका देखिन्थे । अलि परबाट हेर्दा कीरा-फट्याङ्ग्रा भित्ताभरि सलबलाएजस्तो देखिन्थ्यो ।यो कला प्रदर्शनीमा प्रकृति, मेटालिक फर्म र आइडिया (विचार)लाई कसरी मिश्रण वा संयोजन गरिएको छ भन्ने अवलोकन गर्न सकिन्थ्यो । सग्ला ढुङ्गाले धातुसँग जोडिएर मूर्तिको रूप धारण गर्दा र भित्तातिर झुन्डिँदा अस्वाभाविकजस्तो लागे पनि मान्छे अवाक् भएर अवलोकन गरिरहेका थिए । यही नै यस कला प्रदर्शनीको सार्थक पक्ष रह्यो । यसर्थ पनि यो प्रदर्शनी नितान्त फरक ढङ्गबाट देखापरेको मान्नैपर्छ ।

को हुन् भुवन ?

मूलतः भुवन ९० को दशकमा उदाएर स्थापित भएका आधुनिक मूर्तिकार हुन् । हरेकजसो मूर्तिकला प्रदर्शनी वा वर्कसपमा उनको सक्रिय सहभागिता देखिन्छ । आधुनिक मूर्तिकलाको एक मात्र संस्था 'आरम्भ'को पूर्वअध्यक्ष उनी नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानमा प्राज्ञ बनिसकेका छन् । सरल स्वभावका भुवन सयौँ विद्यार्थीका मनपर्ने गुरु समेत हुन् । आफ्नो काममा निमग्न भएर लाग्ने समसामयिक मूर्तिकार भुवनले 'इन्स्टलेसन' पनि गर्छन्; यसर्थ उनलाई यी दुवैको समिश्रणका रूपमा हेर्ने गरिन्छ ।

यतिखेर नेपाली समसामयिक कलामा उनी सक्रिय, अब्बल र वैकल्पिक कला बनाउने मूर्तिकारका रूपमा चिनिन्छन् । उनका कलाबारे थुप्रै आलेख सार्वजनिक भइसकेका छन् । पश्चिम गुल्मीबाट काठमाडौँ छिरेका भुवन राम्रा कवि पनि हुन् ।

कामको स्वभाव

अलि गहिरिएर अवलोकन गर्दा उनका काम स्थायी स्वभावका देखिन्छन् । यद्यपि उनको काम इन्स्टलेसन नै हो । वस्तुलाई प्रयोग गरी कला बनाएर प्रदर्शन गरिसकेपछि त्यसलाई भत्काइन्छ अर्थात् त्यस कलामा प्रयोग भएका वस्तुको पुनः प्रयोग गर्न सकिन्छ, यही नै 'इन्स्टलेसन आर्ट'को मूल विशेषता हो । उनका कलामा भने पुनर्व्याख्या, कलात्मकता, संस्कार र संस्कृति आदिको समिश्रण देखिन्छ । यसर्थ उनको काममा मूर्ति अनि इन्स्टलेसनको समिश्रणले नौलो आकर्षण पैदा गरेको अनुभूत हुन्छ । प्रयोगात्मक काम बढी मात्रामा गर्ने उनको कलागत स्वभाव छ । यसो हुँदा उनका मूर्ति आफैँ पनि इन्स्टलेसन स्वभावमा बढी देखिन्छन् । प्राकृतिक वा मान्छे निर्मित वस्तु उनको कलाका पात्र भएर देखिन्छन् । यसो हुँदा उनको काममा इन्स्टलेसन जोडिन पुगेको छ । यसपल्टका कला काम लाग्दैन भनेर फालिएका ढुङ्गा, सुके-डढेका काठका टुक्रा नै उनका यसपालिका कलाका मुख्य पात्र बन्न पुगेका छन् । यही वस्तुलाई कलाको रूप दिई जीवन्त पार्नु उनको ध्येय देखिन्छ ।

यसपल्ट उनले ढुङ्गाहरूलाई बन्दक बनाएजस्तो वा संरक्षणका लागि सुरक्षा दिएजस्तो पारेर कला प्रस्तुत गरेका छन् । प्रदर्शन कक्षको चारैतिरका भित्तामा यस्ता स-साना अनगिन्ती कलाले ठाउँ पाएका छन् । भुइँमा 'पेड स्टल'माथि बसेका पृथक् ढाँचा र स्वरूपका आठवटा मूर्तिलाई स्थापित गरिएको छ । यस्तै चारवटा वस्तुलाई कृति वा कलाका रूपमा फलामे बारले बेरेर थुनेको दृश्य देखिन्छ । काठमा ढुङ्गा अड्याई त्यसलाई ठुलो गोलाकार रिङमा झुन्ड्याएर एउटा कला सिर्जना गरिएको छ ।

कलात्मक फलामका रड वा पाताले बेरिएका वा घेरिएका ढुङ्गा भित्ताभरि झुन्डिएको देख्दा थोरै अस्वाभाविक लाग्छ । सौन्दर्यको कसीमा घोटी हेर्दा यी कलाले गहिरो भाव बोकेको आभास हुन्छ । कतिपय कला स-साना छन्, ठुलो भित्तामा सुहाएको जस्तो पनि देखिँदैनन्; मिनिएचर कला पनि होइनन् । यी कलाबारे उनी भन्छन्, 'यी कलामा मोनुमेन्टालिटीका झलक छन् ।' अर्थात् उनले कुनै ठुला कलाको सानो रूप सोचेका रहेछन् । 'मोनुमेन्टालिटी' उनको यसपल्टको अर्को प्रखर रूपमा देखापरेको कन्सेप्ट हो । भविष्यमा यी साना कलाकै विशाल रूपसँग पनि व्यक्तिको अचानक साक्षात्कार हुन सक्छ भन्ने उनको कल्पना रहेछ ।

यसपल्ट उनले आफ्ना कलामा 'हेड, हर्ट अनि ह्यान्ड'लाई जोडेका छन् । यसलाई उनी यसरी अर्थ्याउँछन्– हेड अर्थात् विचार, हर्ट भनेको भावना अनि ह्यान्ड भनेको सीप, शिल्प-दक्षता हो । उनका कलामा टाउका र मुटुका आकृति समेत देख्न सकिन्छ । पहिले नेपाली कलामा शिल्प दक्षताको बोलबाला थियो । यसैले कलाकारलाई शिल्पी भनिन्थ्यो । बिचमा भावना वा अभिव्यञ्जनाको कुरा आयो, हामीले यसलाई कलामा आधुनिक काल

❖ बाँकी तेस्रो पृष्ठमा

## फलामे...

आएको भन्न थाल्यौँ । यसपछि कलामा विचारको कुरा आयो; अर्थात् सामाजिक र राजनीतिक मुद्दा पनि कलामा आउनुपर्छ भन्यौँ । भुवनका कलामा पुराना परम्परा, इतिहाससँगै मानिसका आन्तरिक भावना, पीडा र आकांक्षा उत्रिएको आभास हुन्छ ।

यसपल्ट उनको कला 'ड्युरेबल' (टिकाउ) र 'पोर्टेबल' (अन्यत्र लैजान मिल्ने) अवधारणामा आएका छन् । सामान्यतः इन्स्टलेसन कला तुरुन्तै भत्किने वा भत्काउनुपर्ने खालका हुन्छन् । यस्ता कलालाई पनि बचाइराख्ने अभ्यास विकसित राष्ट्रमा भइरहेका छन् । भुवनका यी कला लामो समय रहने खालका छन् । यी कलालाई अन्यत्र लैजान पनि सकिन्छ ।

कलागत अवधारणा

यसपल्टको कलामा उनको वैचारिक आवेग खरो रूपमा आएको देखिन्छ । उनी भन्छन्, ' वरिपरिका वस्तुगत अवयवहरूको आत्मपरक व्याख्या-विश्लेषण नै मेरो काममा आएका छन् । मेरा विचार, अनुभव र अनुभूति मेरा कलामा सलबलाइरहेका हुन्छन् । मेरा कलालाई यसरी नै अवलोकन गरिदिन भावकसँग मेरो आग्रह पनि छ ।'

केयु (काठमाडौँ युनिभर्सिटी)को कला सङ्कायमा गत १९-२० वर्षदेखि प्राध्यापनरत भुवन गहन अवधारणासँगै प्राविधिक सौन्दर्यलाई अनुशासित रूपमा प्रयोग गर्ने कलाकारमा गनिन्छन् । उनको कलामा प्रकृतिसँगको आलिङ्गन देखिन्छ । उनका कलामा यथार्थ र नैसर्गिक विम्ब छन्, यद्यपि समष्टिमा उनका कला अमूर्तनमा देखापर्छन् । उनले कलामा प्रयोग गर्ने ढुङ्गा कडा छन् तर समष्टिमा उनका कला नरम छन् । ढुङ्गाको कोमलतालाई उनको कलामा महसुस गर्न सकिन्छ । नदी किनार, गोरेटो, घोरेटो, सडकतिर फालिएका ढुङ्गा बटुल्ने उनको बच्चैदेखि बानी हो । राम्रो लागेका गोलाकार र चिल्ला ढुङ्गालाई घरभरि थुपार्दै गए, खै किन हो थाहा छैन ।

थाहा नभएरै आफू प्रकृतिसँग नजिक हुन खोजेको उनलाई बिस्तारै महसुस हुन थाल्यो । प्राकृतिक वस्तुहरूको सौन्दर्य-मूल्य (एस्थेटिक्स भ्यालु) कायम राख्न पनि उनले यी र यस्तै वस्तु आफूसँगै राख्न खोजेका रहेछन् । हरेक कुराको आ-आफ्नै भ्यालु (मूल्य) हुन्छ भन्नेमा विश्वस्त भएरै उनले फरक विचारका साथ कला निर्माण गरेका छन् ।

भुवनको कला यात्रा

उनको पहिलो एकल कला प्रदर्शनी सन् २०१६ मा आर्ट काउन्सिलमा भएको थियो, 'सेल्फ रिअलाइजेसन' नाममा । जहाँ काठका ढङ्ग-बेढङ्गका टुक्रा प्रदर्शन कक्षको सिलिङमा झुन्डिएका जस्ता देखिन्थे । प्रदर्शन कक्षभित्र ठुल्ठुला फलामका खम्बा बनाई यसमाथि कलालाई झुन्ड्याइएको थियो, जुन अद्भुत अनि रोमाञ्चित देखिन्थ्यो । कलालाई झुन्ड्याउने शैलीलाई उनले यसपालि पनि छाडेनन् । यसपालिका उनका कला केही न केहीमा झुन्डिएका देखिन्छन् ।

सन् २०२० मा दोस्रो सोलो प्रदर्शनी गरे, 'नेचर एन्ड आर्ट' नामक दिएर । त्यतिबेला उनले गुल्मीको सत्यवती गाउँको खुला चौरमा बाँसको रुखका हाँगामै डोको बुनेर प्रदर्शन गरेका थिए ।

उनका कलामा प्राकृतिक ढुङ्गा, काठ जोडिन आजबाट सुरु भएको होइन; यसको यात्रा लामो र निरन्तर छ । झन्डै १५ वर्षअघि उनले दाउरा र सिसा मिसाएर 'मे यु एन्ड आई वेयर सेम बिफोर वी वेन्ट डाउन' नामको कला बनाएका थिए । यस्तै, स-साना ढुङ्गा भरिएका १२ वटा बोतललाई मोटो फलामे रडले बाँधी 'इन्टर लिङ्केज' नाम दिएर अर्को कला बनाएका थिए ।

केही वर्षअघि तारागाउँ म्युजियम परिसरमा बाहिरबाट तार बाँधी तयार भएको ठुलो घडामा बग्रेल्ती ठुला-साना ढुङ्गा राखेर उनले कला बनाएका थिए । यही नै उनको 'ड्युरेबल कन्सेप्ट'को सुरुवात थियो ।

उनका यी सबै काम इन्स्टलेसन नै हुन् तर म यसलाई 'पार्टिसेपेटरी इन्स्टलेसन' भन्न रुचाउँछु । उनको काम वा सोच 'इन्स्टलेसन-कन्सेप्ट' भन्दा अझ अगाडि बढेको छ भन्दा अतिशयोक्ति हुँदैन ।

# दिल्लीसहित ५८ लोकसभा क्षेत्रमा मतदान



एजेन्सी । भारतको राजधानी दिल्लीको ७ वटै निर्वाचन क्षेत्रसहित विभिन्न प्रदेशका सहित कुल ५८ लोकसभा निर्वाचन क्षेत्रमा शनिबार मतदान भएको छ । छैठौं चरणको निर्वाचन अन्तर्गत दिल्लीको चुनावी प्रतिस्पर्धा रोचक मानिएको छ । २०१९ को चुनावमा भारतीय जनता पार्टीले दिल्लीको सबै सीट जितेको थियो । यसपटक आपसी राजनीतिक प्रतिस्पर्धालाई बिर्सेर आम आदमी पार्टी र कांग्रेसले भाजपाविरुद्ध गठबन्धन गरेको छ । दुवै दल एक भएर उत्रिएकाले भाजपालाई 'इन्डिया' गठबन्धनले राम्रो टक्कर दिएको मानिएको छ ।

दिल्लीको चाँदनी चौक क्षेत्रबाट भाजपाका प्रवीण खंडवाललाई कांग्रेसका उम्मेदवार जेपी अग्रवालले चुनौती दिइरहेका छन् । दक्षिणी दिल्ली क्षेत्रमा भाजपाका रामवीर सिंह बधुडीका अगाडि आपबाट सही राम प्रत्यासी छन् । कनाँट प्लेस, जनपथ जस्ता दिल्लीको ठाउँहरू समेटिएको नयाँ दिल्ली निर्वाचन क्षेत्रमा भाजपाले बाँसुरी स्वराजलाई चुनावी मैदानमा उतारेको छ । उनी भाजपाका पूर्व नेतृ तथा विदेशमन्त्री स्व.सुष्मा स्वाराजकी छोरी हुन् । यसअघि यस क्षेत्रमा विदेश राज्यमन्त्री रहेकी मिनाक्षी लेखीले जितेकी थिइन् । स्वराजलाई आपका सोमनाथ भारतीले चुनौती दिइरहेका छन् । उत्तर पश्चिमी दिल्लीमा भाजपाबाट योगेन्द्र चंदोलिया र कांग्रेसका उदित राज चुनावी मैदानमा छन् । पूर्वी दिल्लीमा भाजपका हर्षदीप मल्होत्रा र आपका कुलदीप कुमार आमने समामने छन् । त्यस्तै, पश्चिमी दिल्लीमा भाजपाका कमलजीत सहरावतलाई आपबाट महाबल मिश्राले टक्कर दिएका छन् ।

सबैभन्दा चर्चित क्षेत्र बनेको छ- उत्तर पूर्वी दिल्ली । यहाँबाट भोजपुरी फिल्मका अभिनेता तथा गायक मनोज तिवारी आफ्नो साख बचाइराख्न पुरा शक्ति लगाइरहेका छन् । उनका अगाडि कांग्रेसले युवा नेता कन्हैया कुमारलाई उतारेको छ । जवाहरलाल विश्वविद्यालयमा विद्यार्थी राजनीति हुँदै कम्युनिष्ट पार्टीबाट अघिल्लो चुनावमा बिहारको बेगुसरायबाट चुनाव लडेका कन्हैया केही वर्ष अगाडि कांग्रेसमा प्रवेश गरेका थिए । पार्टीले उनलाई तिवारीको अगाडि उतारेको छ । कन्हैयालाई उम्मेदवार बनाएपछि कांग्रेस दिल्ली कार्यालयमा असन्तुष्टि देखिएर दिल्ली प्रदेश अध्यक्षसहित कयौं नेताले पार्टी समेत छोडेको स्थिति छ । तर कन्हैयाले तिवारीलाई राम्रै टक्कर दिइरहेको मानिएको छ । भाजपाले अघिल्लो पटक ७ वटै सिट जितेकाले त्यो नतिजालाई प्रभावित हुन नदिन आफ्ना सबै प्रमुख नेताहरूलाई दिल्लीको

❖ बाँकी अन्तिम पृष्ठमा

# भियतनामको अपार्टमेन्टमा आगलागी, १४ जनाको मृत्यु



एजेन्सी । भियतनामको राजधानी हनोईमा साँघुरो गल्लीमा रहेको एउटा अपार्टमेन्टमा आगलागीमा हुँदा १४ जनाको मृत्यु भएको छ। ६ जना घाइते भएको सरकारी सञ्चारमाध्यमले बताएको छ।

भियतनाम समाचार एजेन्सीका अनुसार बिहीबार राति करिब १२:३० मा आगो लागेको थियो र धेरै विस्फोटको आवाज पनि सुनिएको थियो। आगो निभाउन एक घण्टा लागेको थियो। आगलागी हुँदा भवनमा घर मालिकका परिवारका सात र अन्य १७ जना भाडामा बस्नेसहित २४ जना थिए।

मृतकका परिवारलाई क्षतिपूर्तिस्वरूप एक हजार ९६२ डलर र घाइतेलाई एक हजार १७७ डलर दिने अधिकारीहरूले बताएका छन्। घाइतेको अवस्था स्थिर छाउनीहरूको उपचार हनोई ट्रान्सपोर्ट अस्पतालमा भइरहेको छ। गत वर्ष सेप्टेम्बरमा हनोईमा भएको आगलागीका क्रममा कम्तीमा ५० व्यक्तिको मृत्यु भएको थियो। साँघुरो गल्लीका कारण आगो निभाउन र प्रभावितको उद्धार गर्न ढिलो हुँदा ठूलो क्षति भएको हो।

## एमाले...

, उपसचिवमा नेत्र खड्का र हेमा राई निर्वाचित भएका छन् ।

४१ जना सदस्यलाई बढाएर ५१ सदस्यीय रहनेगरी गाउँ कमिटी बनाइने नवनिर्वाचित उपाध्यक्ष पोखेलले बताए । झापा गाउँपालिकामा एमालेको संगठित सदस्य संख्या ७३६ रहेको छ । गाउँ कमिटीका कार्यवाहक अध्यक्ष गौरीशंकर राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि पोलिटव्युरो सदस्य तथा झापा जिल्ला इन्चार्ज विशाल भट्टराई रहेका थिए । भट्टराईले जनताका सामु एमाले अब सकियो भन्नेहरुलाई इलाम र बझाङको उपनिर्वाचनले देखाइदिएको बताए । उनले कार्यकर्तालाई निर्देशन दिँदै भने, 'अब गुट र उपगुटमा नलागी पार्टीलाई एक ढिक्का बनाएर ८४ को मिशन सफल पारौं ।'

कार्यक्रममा प्रदेशसभा सदस्य हिरा थापा , प्रदेशसभा सदस्य तथा क्षेत्र नं ४ ख इन्चार्ज गजेन्द्र ताम्ली , प्रदेशसभा सदस्य चन्द्र शेर्मा , अनेरास्ववियुका केन्द्रीय सचिव मनोज ताम्ली , एमालेका जिल्ला कमिटी उपाध्यक्ष शिव ढुंगेल र सचिव तुलसी कार्कीलगायतले नवनिर्वाचित सदस्यहरुलाई बधाई तथा शुभकामना दिएका थिए । कार्यक्रमको संचालन माधव पोखेल र साजेमान शेखले गरेका थिए भने स्वागत मन्तव्य जिल्ला सदस्य देवीमाया कोईरालाले गरेकी थिईन् ।

# एशियन अमेरिकी र प्यासिफिक आईल्याण्डर आयोगमा मनोनित पहिलो नेपाली डा. परियार

**वीरु दर्नाल**

झापा। अमेरिकाको न्यू जर्सी राज्यको गभर्नर फिल मर्फीद्वारा गठित पहिलो एशियन अमेरिकी र प्यासिफिक आईल्याण्डर आयोग (AAPI Commission) मा नेपालकी डा. बिष्णुमाया परियार मनोनित भएकी छन् । डा. परियार गोरखा जिल्ला निवासी हुन् । गैरआवासीय नेपाली नागरिक डा. परियार नेपाली अमेरिकी सामाजिक अभियन्ता हुन् । काठमाण्डौमा आयोजित एक कार्यक्रममा गत महिना १ लाख १० राशिको नगद पुरस्कारसहित बद्री पहाडी कर्मशिल महिलाको रुपमा डा.परियार सम्मानित बनेकी थिइन् ।



नेपाली मुलकी डा. परियारसहित २८ जना व्यक्तित्वहरूलाई मनोनित गरिएको छ । यसरी कमिसनर नियुक्त हुने डा. परियार एक मात्र नेपाली हुन्। गभर्नर मर्फीले गत वर्ष सन् २०२१ को नोभेम्बरमा एएपिआई कमिसन स्थापना गरेका थिए भने मे महिना एएपिआई सम्पदा महिनाको रूपमा मनाईने अवसर पारेर उक्त नियुक्ति गरेका हुन्। गभर्नर मर्फीले एशियन अमेरिकी र प्यासिफिक आईल्याण्डर हरूको जनसंख्या न्यू जर्सी राज्यमा अमेरिकाभरमा तेश्रो ठूलो संख्या रहेको उल्लेख गर्दै राज्यको विविधतामा एएपिआई समुदायको मुख्य भूमिका रहेको बताएका छन्।

अमेरिकास्थित पत्रकार प्रदिप परियार थापाले दिएको जानकारी अनुसार एएपिआई आयोगले राज्यमा एएपिआई समुदायको सामाजिक र आर्थिक हकहितको निम्ति नीति निर्माण गर्ने र गभर्नर र राज्य सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने जिम्मेवारी दिईएको छ।

## एमाले शिवसताक्षीको ...

२२७ मत प्राप्त गरे ।

यस्तै उपाध्यक्ष पदमा चार जनाको उम्मेदवारी परेको थियो । १९५ मत ल्याएर विष्णु प्रसाई उपाध्यक्ष पदमा निर्वाचित भए । नक्कलमान शर्माले १६६, हर्कबहादुर सिगुले ६४ र राजबहादुर लिम्बूले ५१ मत प्राप्त गरे ।

लक्ष्मी गुरागाँई २४१ मत प्राप्त गर्दै सचिव पदमा निर्वाचित भए । उनले २३५ मत प्राप्त गरी भीम लुवाङलाई हराए ।

यस्तै उपसचिव पदमा सागर राई २१० मत प्राप्त गरी विजयी भए । लोकबहादुर रोक्का १७३ र उमानाथ पराजुलीले ८५ मत प्राप्त गरे । यस्तै हलतर्फ खुल्ला सदस्य सात जनामा गंगाराम नेपाल २५८, गायत्रीप्रसाद संग्रौला २५७, तेजेन्द्र घिमिरे २१६, दिलिप कुँवर २१५ , भोजराज ढकालले २१३, मित्र थापाले २१० र मनकुमार श्रेष्ठले १९८ मत प्राप्त गरेर विजय हासिल गरेका छन् । महिला उपसचिवमा कल्पना चौलागाईँ यसअघि नै निर्विरोध निर्वाचित भएकी थिइन् ।

## एमाले हल्दिवारीको...

बढ्न कार्यकर्तालाई निर्देशन दिएका छन् ।नेता भट्टराईले भरसक सर्वसम्मत, नभए स्वच्छ प्रतिष्पर्धाद्वारा नेतृत्व चयन गर्न सुझाव दिएका छन् ।

कार्यक्रममा संघीय सांसद तथा एमाले केन्द्रीय सदस्य अमृतलाल राजवंशी, प्रदेशसभा सदस्य छविलाल चुँडाल, प्रदेश कमिटी सदस्य बसन्त बानियाँ, जिल्ला कमिटी सचिव तुलसी कार्की, जिल्ला सदस्य ललिता बस्नेतलगायतले मन्तव्य राखेका थिए ।

नेकपा एमाले हल्दिबारीका अध्यक्ष त्रिलोचन सापकोटाको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रमको संचालन कार्यवाहक सचिव हरिकृष्ण अधिकारीले गरेका थिए । आइतवारसम्म चल्ने गाउँ अधिवेशनबाट नयाँ नेतृत्व चयन हुनेछ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

वृष: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

मिथुन: सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

कर्कट: जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

सिंह: सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

कन्या: मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

तुला: कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

वृश्चिक: आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

धनु: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

मकर: नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

कुम्भ: ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

मिन: आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ